नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २६ गते २०२२ साल

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको गाउं–पञ्चायत निर्वाचन (संशोधन) नियमावली, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

गाउं–पञ्चायत (निर्वाचन) (संशोधन) नियमावली, २०२२

गाउं पञ्चायत (निर्वाचन) नियमावली, २०२२ (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले गाउं–पञ्चायत ऐन, २०१८ को दफा ७५(२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "गाउं–पञ्चायत (निर्वाचन) (संशोधन) नियमवाली, २०२२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

E26

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. निर्वाचन अफिसरको नियुक्ति र निर्वाचनको साधारण सूचनाः–

(१) निर्वाचनको लागि सम्बन्धित जिल्ला–पञ्चायतका सचिबले निर्वाचन अफिसर भै काम गर्ने छ ।

तर निजले चाहेमा आफूले गर्नुपर्ने चुनावसम्बन्धी सबै काम आवश्यकतानुसार अरू कसैलाई सुम्पन सक्ने छ ।

(२) निर्वाचन अफिसरले निर्वाचनको मिति, समय र स्थान तोक्नेछ । यस्तो निर्वाचनको साधारण सूचना सर्वसाधारणको जानकारीको लागि गाउं–पञ्चायतको सूचनाबोर्डमा टांसिनेछ र प्राप्त साधनद्वारा प्रचारसमेत गरिने छ ।

(३) निर्वाचन अफिसरले निर्वाचनसम्बन्धी कामको मद्दतको लागि आवश्यकतानुसार रिटर्निङ्ग र पोलिङ्ग अफिसर नियुक्ति गर्न सक्ने छ । त्यस्तो रिटर्निङ्ग र पोलिङ्ग अफिसरले निर्वाचन अफिसर वा निजको अख्तियार प्राप्त व्यक्तिको सामान्य नियन्त्रण र रेखदेखमा रही काम गर्ने छ ।

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।